नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं

फोन न. ०१-४२००३०४

पत्र संख्याः २०७६/७७
चलानी नं. २४८

मितिः २०७६।१०।२

विषयः रोजगार सेवा केन्द्रबाट माग गरी काममा खटाउने सम्वन्धमा ।

श्री स्थानीय तह,
सबै ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कामका खटाउने विषयको पत्र यसैसाथ संलग्न छ । पत्रबाट व्यहोरा अवगत गर्नुभई न्यूनतम रोजगारी प्रदान गर्ने कार्यमा आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ :
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)
श्री सूचना तथा प्रविधि शाखा : वेवसाईटमा अपलोडको लागि

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फयाक्स : ९७७-१-४२११८७७
E-mail :info@mole.gov.np
Website :moless.gov.np
:www.moless.gov.np

नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. 293
मिति: 9012

मिति: २०७६/९/२७

विषयः रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी काममा खटाउने बारे।

दर्ता नं. ९६८१ २०७६/९/२९

श्री स्थानीय तहहरु (सबै)
(मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा **सार्वजनिक खरिद (नवौं सशोधन) नियमावली, २०७६** को दफा १४९क मा निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम रोजगार सेवा केन्द्रमा सूचिकृत भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरिएको व्यहोरा अनुरोध छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५** को दफा २० मा पनि ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने सार्वजनिक विकास निर्माणका आयोजनाहरूमा आवश्यक पर्ने श्रमिकहरू स्थानीय तह मातहतका रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूमध्येबाट माग गरी काममा लगाउनु पर्ने व्यवस्था रहेको व्यहोरा समेत अवगतै छ ।

उपरोक्त कानूनी व्यवस्थाहरूको कार्यान्यवनका लागि स्थानीय तहभित्र संचालन हुने सार्वजनिक विकास निर्माणका आयोजनाहरूमा सम्बन्धित निर्माण व्यवसायीहरूसँग समन्वय गरी रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाई रोजगारीमा खटाउने व्यवस्था गरी न्यूनतम रोजगारी प्रदान गर्ने कार्यमा सहयोग गर्नु हुन यस मन्त्रालयको मिति २०७६/९/२७ को (मन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ५५२
मिति:- 9012

डा. लोकनाथ भुसाल
उपसचिव